# स्थानीय राजपत्र

भुम्लु गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ४ संख्या २६ मिति २०७७ भाद्र ३१ गते

## भाग २

## भुम्लु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## सल्ले, काभ्रेपलाञ्चोकको

## सूचना

भुम्लु गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**“मर्मत संभार कोष सञ्चालन कार्यविधि, २०७७”**

**प्रस्तावना :** स्थानीय स्तरमा सार्वजनिक सम्पत्तिमा भएको क्षति बाट स्थानीय जनताले भोग्नु परेका समस्याहरुलाई तत्काल समाधान गरी स्थानीय स्तरमा जनप्रतिनिधिहरुको उपस्थितिको अनुभूत गराई स्थानीय सम्पत्तिको उपयोगलाई प्रभावकारी र दिगो बनाउन मर्मत संभार कोषको परिचालन गर्नु पर्ने भएकोले सो कोषलाई व्यवस्थित एवम् पारदर्शी रुपमा सञ्चालन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरी भुम्लु गाउँ कार्यपालिकाको मिति २०७७/०५/२२ मा बसेको बैठकले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "मर्मत संभार कोष सञ्चालन कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि भुम्लु गाउँ कार्यपालिकाले स्विकृत गरे पश्चात तुरुन्त लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलेगामा यस कार्यविधिमा,

(क) "सार्वजनिक सम्पत्ति भन्नाले" सार्वजनिक रुपमा उपयोग गरिने स्थानीय स्तरका सडक, पुल, पुलेसा, सार्वजनिक भवन, विद्यालय भवन, मठ—मन्दिर, सार्वजनिक शौचालय आदि लाई जनाउने छ ।

(ख) "अध्यक्ष" भन्नाले भुम्लु गाउँपालिकाको अध्यक्षलाई जनाउँछ ।

(ग) “कार्यालय प्रमुख” भन्नाले भुम्लु गाउँपालिका गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ ।

(घ) “कार्यक्रम” भन्नाले स्थानीयस्तरका सार्वजनिक सम्पत्तिको मर्मत सम्भार गर्ने कार्यक्रम लाई जनाउँछ ।

(ङ) “कार्यालय” भन्नाल भुम्लु गाउँपालिका, कार्यपालिकाको कार्यालयलाई जनाउँछ ।

(च) “कार्यविधि” भन्नाले भुम्लु गाँउपालिकाको सार्वजनिक सम्पत्ति मर्मत सम्भार गर्न तयार गरिएको मर्मत सम्भार कोष सञ्चालन कार्यविधिलाई जनाउँछ ।

३. **मर्मत संभार कोषको स्थापना :** स्थानीय सार्वजनिक सम्पत्तिमा भएको क्षतिबाट स्थानीय जनतामा पर्न जाने असरलाई न्यूनिकरण गर्न र सार्वजनिक सम्पत्तिहरुलाई व्यवस्थित रुपमा सञ्चालन गर्न तथा सार्वजनिक सम्पत्तिका उपयोगिता बृद्धि गर्न सार्वजनिक सम्पत्तिमा पुगेको क्षतिलाई तत्काल मर्मत सम्भार गर्न मर्मत सम्भार कोष स्थापना गरिने छ । यस कोषमा गाउँ सभाबाट विनियोजित भएको रकम जम्मा गरिनेछ ।

४. **मर्मत संभार कोषको उद्धेश्य :** यस गाउँपालिकाको स्वामित्वमा रहेका सार्वजनिक सम्पत्तिहरुको व्यवस्थित रुपले मर्मत संभार गरि भविष्यमा हुने ठुलो क्षतिबाट जोगाउने एवम् व्यवस्थितरुपले सञ्चालन गरी सेवा प्रवाहलाई निरन्तरता दिने र स्थानीय

जनसमुदायको अपनत्व वृद्धि गर्ने यस कोषका उद्धेश्य रहेको छ ।

५. **मर्मत सम्भार कार्यनिति** : यस कार्यविधि अनुसार मर्मत सम्भार कार्यलाई मितव्ययी, दिगो र समुदायको अपनत्व अभिवृद्धि गराउनका लागि देहाय कार्यनितिहरु अवलम्वन गरिने छ ।

(क) मर्मत सम्भार कार्य गर्दा स्थानीय निकायको श्रममूलक स्थानीय नेतृत्व तथा श्रोतमुखी, वातावरणमैत्री प्रविधि प्रयोग गरी सहभागितात्मक प्रक्रियाबाट गर्ने र हरित सडकको अवधारणा अवलम्वन गर्न प्रयास गर्ने ।

(ख) मर्मत सम्भार कार्य गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावली नबनुञ्जेल सम्म सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम विकेन्द्रित, श्रमप्रदान वा कामदारहरुलाई सोझै प्रयोग गरी वा उपभोक्ता समितिको माध्यमबाट अथवा व्यक्तिलाई ठेक्का दिई गराउन सकिने छ ।

(ग) स्थानीय जनसमुदायको ज्ञान,सिप,अनुभव र योग्यतालाई विकास कार्यमा उपयोग गर्ने ।

(घ) प्रत्येक वर्ष मर्मत सम्भारका कार्यहरु गर्दा सम्भाव्य बाढी, नदी कटान क्षेत्र लगायतका अन्य जोखिमपूर्ण स्थानहरुका साथै सार्वजनिक यातायातलाई सुचारु गर्नुपर्ने जस्ता कुराहरुलाई बढी ध्यान दिई मर्मत सम्भार कार्यलाई सहज र सरल बनाउने ।

(ङ) सडक लगायतका पूर्वाधारहरुको निर्माण कार्य सम्पन्न भएपछी लाभान्वित जनसमुदायलाई मर्मत सम्भार कार्य गर्ने प्रतिवद्धता सहितको जिम्मेवारी दिने ।

(च) नियमित मर्मत सम्भारको कार्य सदैव चालु रहने छ । तर वर्षातको समयमा थप व्यबस्था गरिने छ ।

(छ) आकस्मिक मर्मत सम्भारका हकमा आवश्यकता अनुसार गरिने छ ।

(ज) रोकथाममूलक मर्मत सम्भारका हकमा भने सम्भावित जोखिमलाई हेरी श्रोतको आधारमा आर्थिक वर्षभित्र कुनै समयमा पनि रोकथाममूलक मर्मत सम्भारको कार्य गरिने छ ।

६. **प्राथमिकताक्रमः** मर्मत सम्भारको प्राथमिकता उपलव्ध साधन र श्रोत समेतलाई ध्यान दिँदै निम्न प्राथमिकताका आधारमा प्राथमिकता तोकी कार्य सञ्चालन गरिने छ ।

**क) आकस्मिक मर्मत सुधार**

- भू–क्षय तथा अवरुद्ध सडक खोल्ने कार्य
- भत्केकोइम्व्यांकमेन्ट(Embankment) तथा कट स्लोप ( Cut Slop ) मर्मत कार्य
- डाईभर्सन निर्माण
- पुल पुलेसाको आकस्मिक मर्मत सम्भार

**ख) नियमित मर्मत सम्भार**

- सडक सतह सफाई
- सडक किनाराको मर्मत सम्भार
- सडकमा राखिएका अन्य संरचनाको सफाई गर्ने
- गाउँपालिकाको मुख्य तथा वडा कार्यालय तथा विद्यालय भवनहरु र मठमन्दिरहरु

**ग) पटके मर्मत सम्भार**

- नाली मर्मत कार्य
- कल्भर्ट,सतह नाली मर्मत कार्य
- सडक किनारा मर्मत कार्य सडकका खाल्डा खुल्डी र प्वालहरु टालटुल

**घ) आवधिक मर्मत सम्भार**

- कालोपत्रे सडकको मर्मत सम्भार कार्य

**ङ) रोकथाममूलक मर्मत सम्भार**

- सडकका स्लाप काटेर मिलाउने
- नदी नियन्त्रण संरचनाहरुका सम्भार कार्य
- जविक प्रविधि तथा यसको मर्मत सम्भार

७. **मर्मत संभार कोषको परिचालनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ को उपदफा ४ को बुँदा (क) को ९ बमोजिम "गाउँपालिकाको चल, अचल सम्पत्ति हेरचाह तथा मर्मत सम्भार गर्ने गराउने र आम्दानी, खर्च, हिसाब र अन्य कागजपत्र सुरक्षित राख्ने, राख्न लगाउने" गाउँपालिकाको काम, कर्तव्य र

अधिकारमा उल्लेख भए अनुसार र गाउँपालिकाबाट वा अन्य निकायसँगको साझेदारीमा सम्पन्न भएका सार्वजनिक सम्पत्तिको मर्मत सम्भारका लागि सम्वन्धित शाखा वा लक्षित उपभोक्ता, नागरिक संघ संस्थाको मागको आधारमा गाउँपालिकाले तत्कालै मर्मत सम्भार नगरी नहुने सार्वजनिक सम्पत्तिको पहिचान गरी रु. ५ लाख सम्मका मर्मत सम्भारका योजना छनौट गरी उक्त योजनासँग सम्बन्धित समूह, समिति, संघ संस्थाको सहभागितामा तथा सार्वजनिका खरिद नियमावाली अनुसार मर्मत सम्भार गराईने छ । गाउँपालिकाले मर्मत सम्भारको भुक्तानी गर्दा सम्बन्धित वडा समितिको निर्णय सिफारिस गाउँपालिका स्तरीय अनुगमन समितिको सिफारिस अनिवार्य हुनेछ ।

**आज्ञाले,**
**मदन कुमार बजगाई**
**प्रमुख प्रशासकीय अधिकृत**